# दोरम्बा गाउँपालिकाको आर्थिक वर्ष ०७६/७७ को

# वार्षिक, नीति तथा कार्यक्रम


## दोरम्बा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

टोकरपुर, रामेछाप

प्रदेश नं. ३, नेपाल

# दोरम्बा गाउँपालिकाको आ.व. ०७६/७७ को लागि गाउँ कार्यपालिकावाट स्वीकृत वार्षिक नीति तथा कार्यक्रम

श्री गाउँपालिका उपाध्यक्षज्यू
सभाका सदस्यज्यूहरु

दोरम्बा गाउपालिकाको गाउँ कार्यपालिका वैठकद्धारा स्वीकृत आगामी आर्थिक वर्ष २०७६/०७७ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहान्छु । यस गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि निम्नानुसार नीति तर्जुमा गरि सोहि वमोजिम वार्षिक वजेट तथा कार्यक्रम तय गर्नेछ ।

## क) आर्थिक विकास नीति

### कृषि तथा पर्यटन

१. स्थानीय स्तरमा उत्पादन हुने गाउँपालिकाको कृषि गुरुयोजनावाट उपयुक्त खेती भनी सिफारिस गरिएको फलफुलको व्यवसायिक खेतीको प्रवर्धन गरिने नीति लिईनेछ । जसका लागि गाउँपालिकाको उपयुक्त स्थानमा तरकारी, फलफुल र कृषि उपजहरुको संकलन तथा बिक्रि बितरण केन्द्रको स्थापना गरिनेछ ।

२. कृषि, पर्यटन उद्योग व्यापारलाई आधार मानेर आगामी ३ वर्ष भित्रमा सम्पुर्ण नागरिकलाई आर्थिक रुपमा आत्मनिर्भर वनाउन सम्पुर्ण युवाहरुलाई स्थानीय स्तरमा रोजगारी सृजना गरिनेछ ।

३. कृषि, पर्यटन, उद्योग र व्यापारलाई स्थानीय जनशक्तिले नै सघाउ पुग्ने गरि शैक्षिक गुणस्तरको विकास गर्ने नीति लिईनेछ ।

४. कृषि सहकारी भवन निर्माण गरि दोरम्बा गाउँपालिकालाई आलु किवी, सुन्तला, कागती जडिवुटि र जुनारको पकेट क्षेत्रको रुपमा विकास गर्ने नीति अवलम्वन गरिनेछ । साथै वाली विमा गर्ने कार्यमा जोड दिईनेछ ।

५. पानीको मुहान पहिचान भएका अति उर्वरशील, उत्पादनशील भुमिलाई व्यवस्थापन गर्न सिंचाईको पर्याप्त व्यवस्था मिलाईनेछ ।

६. कृषकहरुलाई कृषि र पशुपालनका क्षेत्रमा व्यवसायी बन्न प्रोत्साहन गरिने नीति लिईनेछ जसका लागि सरकारी निजी साझेदारी कार्यक्रम संचालन गरिनेछ । प्रत्येक ४।४ महिनामा विभिन्न रोग विरुद्ध प्रतिरोधात्मक शक्ति वृद्धिका लागि पशुखोप घुम्ती शिविर संचालन गरिनेछ ।

७. पशुपालनमा कृषकलाई आर्कषण गर्नका लागि कृतिम गर्भाधान प्रणाली अवलम्वन गरि पशुपालनलाई सहज वनाईनेछ ।

८. प्रजननका लागि प्राकृतिक गर्भाधारण अन्र्तगत उन्नत नश्लको लागि वोयर वोका तथा राँगो वितरण गर्ने कार्यक्रम संचालन गरिनेछ ।

९. कृषि कार्यका लीग मल विउ विजन, टनेल, कृषि उपकरण खरिद लगायतका कामका लागि ५० प्रतिशत अनुदान उपलब्ध गराईनेछ ।

१०. नमुनाको रुपमा कृषि व्यवसाय संचालन गरेका नमुना कृषकहरुलाई तालिम सहित थप प्रोत्साहित गर्नका लगि अनुदान सहितको साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

११. पर्यटन, धार्मिक महत्व रहेका ऐतिहासिक, पुरातात्विक स्थानहरुको संरक्षण, संबर्धन र व्यवस्थापन कार्यमा जोड दिईनेछ । साथै नयाँ पर्यटकीय क्षेत्रहरुको पहिचान तथा उक्त क्षेत्रको विकासको लागि सार्वजनिक निजी साझेदारीको अवधारणालाई अवलम्वन गरिनेछ ।

१२. कृषि अगुवा किसानहरुलाई विभिन्न भौगोलिक क्षेत्रको अवलोकन गराई कृषि सम्वन्धी ज्ञान र सीपको वृद्धि गरिनेछ ।

१३. गाउँपालिकाको वडा नं. १, २, ६ र ७ मा कृषि चिस्यान केन्द्रको स्थापना गर्नका लागि डि.पि. आर. तयार गरिनेछ ।

१४. गाउँपालिकाले इतिहासविद् र पुरातत्वविद्को सहायतामा गाउँपालिका क्षेत्रमा रहेका ऐतिहासिक व्यक्ति, घटनासंग जोडिएका वा अन्य ऐतिहासिक स्थल पहिचान गरी उक्त स्थानको पुर्बाधार विकाश, शिलालेखन र प्रचारप्रसार गरि पर्यटकीय प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

१५. पर्यटन प्रवर्द्धनका लागि दोरम्बा पर्यटन विकास समितिको क्षमता विकासमा जोड दिईनेछ ।

१६. डुङकुटीडाँडा, गुराँसे भ्युटावर निर्माण गरि आन्तरिक पर्यटन लाई जोड दिईनेछ । साथै आर्कषक थुम्काहरु पहिचान गरि प्रतिक्षालय र सिढी निर्माण गरिनेछ ।

१७. यस गाउँपालिकाको तिनधारे, मझुवा रजभुई पदमार्ग, छायाश्वरी माँनेडाडा गुराँसे मकरखोला कामधेनु व्रम्हाबिष्णु थामडाँडा गौंथलीभिर ठोट्नेरी, ठुलो शैलुङ पदमार्ग, गाउँपालिका केन्द्रदेखि कण्ठेश्वर महादेव मन्दिरसम्म पदमार्ग, ताम्चेत गौश्वारा ठुलोपुङ, सानोमञ्जा ठुलोमञ्जा वस्केसम्मको पदमार्ग, झाक्रेथला, ठुलोचुली, कपडाकाजी शैलुङसम्मको पदमार्ग, सानो शैलुङ होमस्टे ठोट्नेरी डाँडा वस्केसम्मको पदमार्ग, अग्लेश्वरी डाँडाकटेरी देखि ठुलो शैलुङ्गसम्म पदमार्ग निर्माण गरिनेछ । साथै यस गाउपालिकाद्धारा आयोजना गरिएको प्रथम सांस्कृतिक तथा प्राकृतिक पर्यटन महोत्सव संचालन भएको ऐतिहासिक अवस्थालाई भावी पुस्ताका लागि सम्झनायोग्य वनाउनका लागि प्रथम शैलुङ महोत्सवको स्मारक सहितको पार्क निर्माण गरिनेछ । जसका लागि खोलाखर्क वजार व्यवस्थापन र महोत्सव स्मारक निर्माण डिपिआरका लाीग वजेट विनियोजन गरिनेछ ।

१८. धार्मिक तथा ऐतिहाासिक महत्व बोकेको दोरम्वा शैलुङ, गुराँसे, अग्लेश्वरी, मकरखोला, सानो शैलुङ, लगायतका क्षेत्रको गुरुयोजना निर्माण गरी नमूना पर्यटकीय क्षेत्रको रुपमा रुपान्तरण गर्न आवश्यक पहल गरिनेछ

## उद्योग तथा सहकारी

१९. दैनिक उपभोग्य वस्तुहरुलाई सस्तो र सुलभ मुल्यमा जनतालाई उपलब्ध गराउन कृषि सहकारी सँस्थाको प्रवर्द्धनमा जोड दिईनेछ ।

२०. सहकारीमा आवद्ध पदाधिकारीहरुलाई तालिम मार्फत सहकारी संचालनमा क्षमता विकास गरिनेछ

२१. उद्योग धन्दा (व्यापार, जलविद्युत, जडिवुटि प्रशोधन, होटल अन्य) सँचालनको लागि स्पष्ट नीति निर्धारण गरि निजी क्षेत्रलाई समावेश गरि दोरम्बा गाउँपालिकामा निजी क्षेत्रका लगानीकर्ताको लगानीको लागि सुरक्षित गन्तव्य हो भन्ने कुराको वोध गराउने नीति लिईनेछ । जसका लागि

२२. घरेलु उद्योगहरुको प्रोत्साहनका [illegible] स्तरमा प्राप्त कच्चा पदार्थको प्रयोग मार्फत घरेलु उद्योग संचालनमा जोड दिईनेछ । सार्वजनिक जग्गामा निर्माण भएका घर भवनको उचित व्यवस्थापनका लागि बहाल बिटौरी कर अनिवार्य रुपमा लागु गरिनेछ ।

२३. स्थानिय स्तरमा भएका खोलानाला र नदी जन्य वस्तुबाट हुनसक्ने क्षति कम गर्न गिटी, बालुवा, ढुङा, खानी संचालन गर्न गाउँपालिकाले छुट्टै मापदण्ड तर्जुमा गरि कार्यान्वयनमा ल्याइनेछ ।

२४. सफल उद्यमी व्यवसायीहरुलाई उद्यमशिलतामा जोड दिनका लागि उद्यम प्रदर्शनीका माध्यमबाट पुरस्कृत गरिनेछ ।

२५. गाउँपालिकामा गुणस्तरयुक्त खाद्यसामाग्री उपलब्ध गराउनका लागि नियमित वजार अनुगमन गर्न वजार अनुगमन समितिलाई सक्रिय गराईनेछ ।

२६. गैरसरकारी संघ संस्थाहरुबाट संचालन गरिने सबै प्रकारका सहयोग तथा सेवाहरुलाई गाउँपालिकाको एकद्धार प्रणाली मार्फत संचालन गर्न अनुमति दिइने छ ।

२७. गाउँपालिका भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालन गरिने योजना तथा आयोजनाहरुको अनुगमन, मूल्यांकन पद्धतिलाई व्यबस्थित गरिनेछ ।

## पशुसेवा

२८. युवाहरुलाई व्यवसायिक रुपमा पशुपालन व्यवसायमा संलग्न गराई रोजगारीको व्यवस्था गर्ने नीति लिइनेछ

२९. कृषकहरुलाई पशुपालन क्षेत्रमा आत्मनिर्भर बन्न परम्परागत पेशालाई निरुत्साहित गरी व्यवसायिकीकरण गरिने नीति लिईने छ ।

३०. कृषकहरुले पालन गरेका पशु तथा कृषि उपज बिक्री गर्नका लागि उपयुक्त स्थानमा संकलन केन्द्र निर्माण गरिने नीति लिईनेछ ।

३१. दुध, फलफूल र मासुको उत्पादन बृद्धि गरी गाउँपालिकालाइ आत्मनिर्भर बनाउने कार्यक्रम संचालन गरिनेछ । खोर, गोठ सुधार कार्यलाई निरन्तरता दिईनेछ ।

३२. पशुपालनबाट हुने आर्थिक क्षति कम गर्न र पशुमा लाग्ने महामारी रोग नियन्त्रण गर्न भ्याक्सिनेशन कार्यक्रम संचालन गरिनेछ । पशुपालन व्यवसायलाई आर्कषित बनाउनका लागि प्रत्येक वडामा पशु वास्थ्य शिविर संचालन गरिने छ ।

३३. छुर्पी तथा घिउ उत्पादनको लागि चौरी संरक्षण कार्यक्रम संचालन गरिने छ ।

३४. आर्थिक स्तर कमजोर भएका कृषकहरुका लागी पशुपालनका लागि निःशुल्क परामर्श र औषधी उपलब्ध गराईनेछ ।

३५. आधुनिक पशुपालनको लागी कृषकहरुलाइ तालिमको व्यवस्था मिलाइनेछ ।

३६. बेरोजगार युवाहरुलाई विदेश जानबाट रोक्नको लागि रोजगार मूलक पशुपालन व्यवसाय, कृषिखेती, घरेलु उद्योगलाई बृद्धि गर्ने नीति लिइनेछ । जसका लागि अनुदान उपलब्ध गराईनेछ ।

३७. पशु चौपायाहरुको विमाका लागि पशुपालक किसान र गाउँपालिकाको साझेदारीमा बिमा कार्यक्रम संचालन गरिनेछ ।

३८. दोरम्बा कृषि पर्यटन महोत्सवका माध्यमवाट कृषि उपजको विक्री वितरणलाई राष्ट्रिय स्तरसम्म पुर्याईनेछ

## ख) सामाजिक विकास नीति

### शिक्षा

३९. सवैको लागि शिक्षा अभियानलाई टेवा पुऱ्याउन विद्यार्थी भर्ना अभियान, विद्यालयको पूर्वाधार विकास, गुणस्तरीय शिक्षा अभियान जस्ता कार्यक्रमहरुमा विद्यालयहरुलाई सहयोग गरिने छ ।

४०. गाउँपालिका भित्र रहेको सामुदायिक विद्यालयहरुमा अँग्रेजी माध्यमवाट अध्य्यन/अध्यापन गर्ने/गराउने कार्यका लागि गाउँपालिकाको वडा नं. ६ मा रहेको श्री कालिका नमुना माध्यामिक विद्यालयलाई लिडर विद्यालयको रुपमा छनौट गरि त्यस अर्न्तगतका फिडर विद्यालयहरुको आधारभुत तह (१-५) सम्म अंग्रेजी माध्यमवाट शिक्षण सिकाई कार्यक्रम लगिनेछ । शिक्षकहरुलाई अंग्रेजी माध्यमबाट शिक्षण सिकाईका तालिम, बालमैत्री र अन्य विषयगत तालिममा जोड दिइने छ ।

४१. गाउँपालिका भित्रका मा.वि. र आधारभुत विद्यालयहरुमा विद्यार्थी संख्या र विषयगत आवश्यकता अनुसार दरबन्दीको लेखाजोखा गरी दरबन्दी मिलान गरिनेछ र समायोजन भएका विद्यालयको हकमा बाल कक्षा संचालन गरिने छ ।

४२. सबै विद्यालयमा बालमैत्री बसाई सहितको बाल कक्षाको व्यवस्था गरिनेछ र कक्षा १ भन्दा अगाडी १ वर्षको बाल विकास कार्यक्रम संचालन गरिनेछ ।

४३. शिक्षण सिकाईलाई कम्प्युटर र सूचना प्रणालीसंग आवद्ध गरी शैक्षिक सामाग्रीको पर्याप्त व्यवस्था र प्रयोगमा जोड दिइने छ । साथै विद्यार्थीको हातमा समयमा पाठ्यपुस्तक र शिक्षकको हातमा पाठ्यक्रम, शिक्षकहरुद्धारा बार्षिक एवं मासिक शैक्षिक योजना तयारी गरी गराई योजनावद्ध शिक्षण सुधार कार्यक्रम लागु गरिनेछ ।

४४. सबै विद्यालयमा शैक्षिक सुचना, तथ्याँक, लेखा परीक्षण, सामाजिक परीक्षण, विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन र विद्यालयले सम्पादन गर्ने अन्य कार्यलाई विद्यालय तथा प्र. अ. को कार्यसम्पादनसंग जोडि सोहि अनुसार विद्यालय र प्र. अ.को मुल्याँकन गरिनेछ जसलाई गाउँपालिकावाट प्रदान गरिने अनुदान तथा अन्य सेवा सुविधालाई आधार वनाईनेछ । साथै प्र.अ. र शिक्षक एवं प्र.अ र गाउँपालिकासंग कार्य सम्पादन सम्झौता करार गरी आगामी वर्ष कम्तीमा २० प्रतिशतले सिकाई उपलब्धिमा वृद्धि गरिने छ । निरन्तर विद्यार्थी मुल्याँकन अनिवार्य लागु गरि गराई उपचारात्मक शिक्षणमा जोड दिईनेछ ।

४५. एस.ई.इ. तथा कक्षा ३, ५ र ८ मा उत्कृष्ठ हुने विद्यार्थी तथा शिक्षक, तहगत रुपमा विभिन्न क्षेत्र र विधामा उत्कृष्ट हुने विद्यार्थी, तहगत रुपमा विद्यालयमा वढी हाजिर गराउने विद्यार्थीका अभिभावकहरुलाई पुरस्कृत गरि विद्यार्थीको चौतर्फी विकासमा जोड दिईने र विद्यार्थी अनुशासन र स्वस्थ प्रतिस्पर्धी भावनामा विकास गर्नुका साथै विद्यार्थी नियमितता तथा गुणस्तर सुधार गर्न हौसला वढाईनेछ ।

४६. "एक विद्यालयमा एक जनप्रतिनिधि" भन्ने नाराका साथ विद्यालयमा नियमित अनुगमन/निरिक्षण गर्ने कार्यमा जोड दिईनेछ ।

४७. आधारभूत तहलाई निःशुल्क र अनिवार्य कार्यक्रम संचालन गर्ने तथा विद्यालय बाहिर रहेका आधारभूत तह उमेरका बालबालिकाको तथ्याङ्क यकिन गरी दोरम्बा गाउँपालिकालाई आधारभूत तहको शिक्षा सुनिश्चित भएको घोषणा गरिने छ ।

४८. विद्यालयको अनुगमन र सुपरिवेक्षणमा जोड दिई वडा स्तर र गाउँपालिका स्तरबाट विद्यालयको नियमित अनुगमन, निरीक्षण र सुपरीवेक्षण गरी सुधारको कार्य गरिने छ ।

४९. विद्यालयका विद्यार्थी संख्या तथा उपलब्ध दरवन्दीको विश्लेषण गरी सहयोगी संघ संस्था समेत संगको समन्वयमा नपुग दरवन्दीको लागि आवश्यक अनुदानको व्यवस्था गरिनेछ । जसमा माध्यमिक तहको विद्यालयमा कम्तिमा मा.वि. तहको १ जना Science, Math Teacher को अनुदानको व्यवस्था गरिनेछ । साथै विषयगत शिक्षकको अभावलाई समयमा नै पुर्ति गर्नका लागि Teacher Bank तयार गरिनेछ । आधारभुत तह (१-८) संचालन भएका र एकजना पनि नि.मा.तहको शिक्षक नभएको विद्यालयमा नि.मा.तहको १ शिक्षकको अनुदान उपलब्ध गराउने नीति अवलम्वन गरिनेछ ।

५०. सवै विद्यालयमा वाल कक्षा र अन्य कक्षाका लागि वालमैत्री पुर्वाधार सहितको वाल कक्षाको व्यवस्था, खेलकुद तथा मनोरञ्जनात्मक सामाग्री, शैक्षिक सामाग्री, भित्ते लेखन व्यवस्थापन गरि शिक्षण सिकाईको जगलाई मजवुद वनाई गुणस्तरीय शिक्षामा जोड दिईनेछ ।

५१. तिनै तहका गणित, विज्ञान र अंग्रेजी विषयको तालिम र शिक्षक समूहको वैठक संचालन गरि विषयगत समस्या समाधान तथा विद्यार्थी उत्तीर्ण दरमा वृद्धि गरिनेछ । साथै विषयगत शिक्षकहरुलाई पाठ्यक्रममा आधारित प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिका लागि हाजिरीजवाफ प्रतियोगिता संचालन गरिनेछ ।

५२. विद्यालय अनुगमन तथा सुपरीवेक्षणमा जोड दिदै वडास्तर र गाउँपालिकास्तर तथा सामुहिक रुपमा समेत विद्यालय अनुगमन तथा निरिक्षण गरि विद्यालयको कक्षा तथा तह थप वा घटुवा र शिक्षक दरवन्दी मिलानको कार्य, शिक्षक तथा विद्यालयलाई पृष्ठपोषण प्रदान गर्दै गुणस्तर सुधार गरिनेछ ।

५३. शिक्षक तथा वि.व्य.स.का पदाधिकारीलाई विद्यालय सुधार योजना, विद्यालय व्यवस्थापन तालिम तथा अर्न्तक्रिया र अभिभावकहरुलाई सचेतना तथा अर्न्तक्रियाको माध्यमवाट क्षमता विकासका कार्यक्रमहरु

५४. शैक्षिक सुचना तथा विद्यालयको तथ्यांकलाई व्यवस्थित गरिनेछ ।

५५. विभिन्न तहका वालक्लव र वालसंजाललाई तालिम अर्न्तक्रियाका माध्यमवाट क्षमता विकास गराईनेछ । साथै वालवालिकाको अतिरिक्त क्रियाकलाप संचालन गरि प्रतिभा प्रस्फुटन गर्न गराउन उत्प्रेरित गर्दै शिक्षक विद्यार्थी नियमित गराउन र गुणस्तर सुधार गर्न प्रयास गरिनेछ ।

५६. गरिव विद्यार्थीहरुलाई पोशाकको अभावमा विद्यालय नआउने प्रवृतिलाई रोक्नका लागि सवै विद्यार्थीलाई समुह पोशाक (ट्याकसुट) को व्यवस्था गरिनेछ । एवं सिमान्तकृत वालवालिकाहरुलाई विद्यालय उपस्थितका लागि प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

५७. गाउँपालिका वाटै प्राविधिक जनशक्ति उत्पादन गर्ने नीति अनुरुप प्राविधिक शिक्षाका लागि नमुना माध्यामिक विद्यालयमा अध्ययन् गर्ने उत्कृष्ठ, विपन्न, जेहेन्दार, दलित, सिमान्तकृत र अपांङ गरि ७ जना (छात्र ३ छात्रा ४) लाई मासिक अध्ययन शुल्कमा ५० प्रतिशत अनुदान दिईनेछ । साथै प्रत्येक माध्यामिक विद्यालयमा विज्ञान प्रयोगशाला

५८. गाउंपालिका भित्रका गरिव, जेहेन्दार, विपन्न दलित १०० जना विद्यार्थीहरुलाई छात्रवृतिको व्यवस्था मिलाईनेछ ।

५९. विद्यार्थीको शैक्षिक गुणस्तर विकास र शिक्षकको शिक्षण कार्यमा थप जागरुक वनाउनका लागि हरेक कक्षामा १५/१५ दिनमा नियमित Unit Test लिने व्यवस्था मिलाईनेछ र सो को मासिक विवरण गाउँपालिकाको शिक्षा शाखामा पेश गर्न लगाईनेछ ।

६०. प्रविधिमैत्री शैक्षिक वातावरण कायम गर्नमा जोड दिईनेछ । साथै शैक्षिक वातावरणलाई अभिभावक, शिक्षक र बालबालिकामैत्री वनाउन सडक नाटक, क्षमता विकास लगायतका कार्यलाई प्राथमिकता दिई शैक्षिक सुधार गरिनेछ ।

६१. विद्यालय समय भन्दा वाहेक समयमा अध्ययन् अध्यापन गराउने विद्यालयलाई अनुदानको व्यवस्था मिलाईनेछ ।

## स्वास्थ्य तथा सरसफाई

६२. स्वास्थ्य सेवामा आगामी ३ वर्ष भित्रमा सवै जनताको निःशुल्क पहुँच हुने गरी संघीय सरकारको स्वास्थ्य बीमा कार्यक्रमलाई समेत साझेदारी हुने गरि कार्यक्रम तय गरिनेछ ।

६३. “एक वडा एक स्वास्थ्य चौकी” पुर्‍याउने संघीय सरकारको अवधारणा अनुसार वडा नं. ५ र ६ मा स्वास्थ्य चौकी स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

६४. दोरम्बा गाउँपालिकाको वडा नं. १ को पिङ थाप्ने डांडामा उपस्वास्थ्य चौकी स्थानान्तरण गरी भवन निर्माण गर्ने कार्यको थालनी गरिनेछ । साथै वडा नं. १, ४, ५, ६ र ७ मा आधुनिक स्वास्थ्य भवन निर्माण गरिनेछ ।

६५. स्वच्छ खानेपानीको पहूँच सवै वडाहरुमा पुर्‍याउनको लागि आवश्यक वजेट विनियोजन गरी कार्यक्रम संचालन गर्ने नीति अवलम्वन गरिनेछ । साथै सवै विद्यालयमा वालमैत्री खानेपानी धारा र छात्र छात्रामैत्री शौचालयको व्यवस्था गरिनेछ ।

६६. बालमैत्री, लैंगिकमैत्री र फरक क्षमता भएका व्यक्तिमैत्री पुर्वाधार जस्तै खानेपानी, शौचालय जस्ता पुर्वाधार निर्माणमा गाउँपालिकाको तर्फवाट आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराईनेछ ।

६७. स्वास्थ्य क्षेत्रमा जनताको पहुँच सहज वनाउन एम्बुलेन्सको व्यवस्थापन, घुम्ती स्वास्थ्य शिविर संचालन गर्ने कार्यक्रम तय गरिने छ ।

६८. महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई काम प्रति जागरुक वनाउनका लागि छाता र झोला प्रदान गरिनेछ ।

६९. मातृशिशु मृत्यृदरलाई कमी गर्नका लागि गर्भवती र उनको परिवार संग कम्तीमा २ पटक अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

७०. गाउँपालिका भित्र रहेका दोरम्वा, टोकरपुर, लखनपुर र डडुवाका स्वास्थ्य संस्थाहरुमा चौविसै घण्टा प्रसुती सेवा सन्चालनको लागि आवश्यक सहयोग गरिने छ । सबैको पहुचमा स्वास्थ्य भन्ने नारालाई व्यवहारमा आत्मसाथ गरिनेछ ।

७१. गर्भवती महिलाहरुको शारीरिक र मानसीक अवस्थालाई सहज वनाउनका लागि मनोपरामर्श कार्यक्रम संचालन गरिनेछ । साथै मातृशिशु मृत्युदरलाई कम गर्नका लागि गर्भवती महिलाहरुलाई कम्तीमा ४ पटक स्वास्थ्य परिक्षणको महत्वलाई वुझाउन अण्डा र झण्डा

दोरम्वा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ३ नम्बर प्रदेश, नेपाल

कार्यक्रम संचालन गरि गर्ववती महिलाहरुको नियमित स्वास्थ्य जाँच गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।

७२. सवै गाउंघर क्लिनिक लाई व्यवस्थित वनाउन आवश्यक वजेट व्यवस्था गरिनेछ ।

७३. स्वास्थ र सफा मासु आपूर्तिको लागि उपयुक्त स्थानको पहिचान गरि निजी वा सार्वजनिक वा निजी-सार्वजनिक बधशाला सञ्चालन कार्य प्रारम्भ गरिनेछ ।

७४. प्रत्येक वडामा हेलिप्याड निर्माणका गरि आम नागरिकलाई आकस्मिक स्वास्थ्य सेवामा सवैको पहुँच पुर्‍याईनेछ ।

## महिला, वालवालिका, युवा तथा जेष्ठ नागरिक

७५. जेष्ठ नागरिकहरुलाई धरमै गई स्वास्थ्य जांच गर्नका लागि स्वास्थ्यकर्मी कर्मचारीलाई परिचालन गरिनेछ साथै जेष्ठ नागरिकका लागि यातायात सेवामा ५० प्रतिशत छुट उपलब्ध गराउनका लागि स्थानीय यातायात समितिसंग सहकार्य गरिनेछ ।

७६. जेष्ठ नागरिक अपांङ, दलित, महिला, वालवालिका एवं विपन्न नागरिकहरुलाई निशुल्क स्वास्थ्य शिविर संचालन गरि स्वास्थ्य सेवा प्रदान गर्ने नीति अवलम्वन गरिनेछ ।

७७. शारीरिक रुपमा अशक्त व्यक्तिहरुको लगत पहिचान गरि क्षमता विकासका लागि सीप मुलक तालिमको व्यवस्था गरिनेछ ।

७८. गाउपालिकाभित्र रहेका दलित परिवारको परम्परागत सिपलाई व्यवस्थित वनाउनका लागि आवश्यक वजेट विनियोजन गरिनेछ । साथै गाउंपालिकालाई छुवाछुतमुक्त गाउँपालिका वनाईनेछ । जसका लागि जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

७९. यूवाहरुको लागि आवश्यक खेल मैदान तथा खेल सामाग्री सहयोग र खेलकुद प्रवर्द्धनका लागि साविकमा संचालन हुदै आएको उपाध्यक्ष कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिईनेछ साथै दोरम्वा गाउंपालिकाको खोलाखर्क शैलुङ्गमा जिल्ला स्तरीय खेलस्तरीय खेलकुद कार्यक्रमहरु आयोजना गरिने छ । जसका लागि वडास्तरीय र गाउपालिकास्तरीय खेलकुद विकास समिति गठन गरिनेछ ।

८०. वैदेशिक रोजगारमा गएका युवा शक्तिलाई स्वदेशमै स्वरोजगारमुलक कार्यक्रम संचालन गर्नका लागि समुहगत रुपमा अनुदान दिने कार्यमा जोड दिईनेछ ।

८१. आगामी वर्ष गाउँपालिकालाई बालमैत्री स्थानीय तह घोषणा गर्नका लागि आवश्यक सम्पुर्ण क्रियाकलाप संचालन गरिनेछ ।

८२. युवाहरुको लागि कम्तीमा १ वडामा १ खेल मैदान निर्माण गर्ने नीति लिइनेछ । गाउंपालिका भित्र वालमैत्री गतिविधि संचालन गर्नका लागि १ वाल उद्यान निर्माण गरिनेछ ।

८३. गाउँपालिकास्तरीय खेलकुद कवर्ड हल र दोरम्वा शहिद स्मृति रंगशाला निर्माणका लागि डि पि आर तयार गरिनेछ ।

८४. गाउंपालिकाभित्रका सम्पुर्ण महिलाको सहभागितामा गाउपालिकास्तरीय महिला संजाल गठन गरि उनीहरुको मागमा आधारित कार्यक्रम संचालनमा जोड दिईनेछ । प्रत्येक वडामा सामुदायिक महिला विकास भवन निर्माण गरि महिलाका लागि नेतृत्व विकास, सिपमुलक तालिम प्रदान गर्ने कार्यमा सहजीकरण गरिनेछ ।

८५. न्युन आय भएका आम महिलाहरुलाई सहकारी मार्फत क्षमता विकास गर्नका लाीग सहकारीमा आवद्ध गराई वचत संकलन गर्ने कार्यमा जोड दिईनेछ ।

८६. दलित, जनजाति अल्पसंख्यक पिछडिएका वर्ग/वस्तीमा स्वास्थ्य, शिक्षा, वाल विवाहमुक्त, वहुविवाह न्युनीकरण एवं लैङ्गिक तथा सामाजिक हिंसामुक्त गर्नका लागि जनचेतना मुलक कार्यक्रम संचालन गरि टोल तथा वस्ती स्तरमा लगिनेछ ।

८७. सामाजिक संस्कारलाई मर्यादित वनाउनका लाीग मृतक व्यक्तिको अन्तेष्ठि गर्ने स्थानमा सत्तल वनाई संस्कृति प्रवर्द्धन गर्ने कार्यलाई व्यवस्थित गरिनेछ ।

## ग)पूर्वाधार विकास नीति

### सडक

८८. दोरम्बा गाउँपालिकाको मुख्य राजमार्गको रुपमा रहेको गाल्पा देखि लखनपुर, दोरम्वा देखि खोलाखर्क र टोकरपुर देखि गौश्वारासम्मको सडकको मुख्य मुख्य स्थानको दाया बाया सोलार वत्ती जडानका लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंग सहकार्य गरिनेछ । ग्रामिण सडकको दाया वाया विद्युत्का काठेपोलहरुलाई विस्थापन गर्ने कार्यमा जोड दिईने छ ।

८९. सडक मापदण्ड र आवास भवन वनाउने सम्वन्धमा गत आ. व. लिईएको नीतिलाई नै निरन्तरता दिईनेछ ।

९०. कम्तिमा एक वडामा एउटा ग्रामिण सडकलाई प्राथमिकतामा राखि ५ वर्ष भित्रमा पक्की नालि र ग्राभेल सहितको व्यवस्थित सडक निर्माण गरिने छ । प्रत्येक वडामा एक मूल सडकलाई पक्की सडकको रुपमा विकास गर्ने नीति समेत अवलम्वन गरिनेछ ।

९१. सडकको विस्तार दिन प्रतिदिन वढ्दै गईरहेको सन्र्दभमा यस गाउँपालिकाको सडक व्यवस्थापनलाई प्रभावकारी वनाउन आगामी वर्ष सडक गुरुयोजनालाई कढाईका साथ लागु गरिनेछ । एउटै सडकमा पटक पटक रकम विनियोजन गर्ने कार्यलाई निरुत्साहन गरि काम सम्पन्न भएपछि उपभोक्ता समितिका पदाधिकारीलाई नै उक्त सडकको मर्मतका लागि टोल समिति एवं वडा समिति मार्फत जनपरिचालन गरि मर्मत गर्न लगाईनेछ ।

९२. सडकको लगत कट्टा गर्ने कार्यलाई जोड दिईनेछ । जसका लागि आवश्यक रकम विनियोजन गरिनेछ ।

९३. सडक निर्माण तथा मर्मत सुधारका क्रममा सडक क्षेत्राधिकार कायम गर्ने, सडक बिस्तार नीति तथा मापदण्डको प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ । सडकको क्षेत्राधिकारलाई प्रभावकारी कार्यान्वयन गरी सडक अतिक्रमणलाई निरुत्साहित गर्दै सडक खुला राख्ने कार्यमा निरन्तरता दिइनेछ ।

९४. राजधानी देखि गाउंपालिका केन्द्र, जिल्ला देखि गाउंपालिका केन्द्र र वडा केन्द्र जोड्नका लागि ६ वडा स्थानमा पक्की पुल निर्माणका लागि एवं मध्यपहाडी राजमार्गदेखि गाउंपालिकाको केन्द्रसम्म जोड्ने सडकका लागि डिपिआर तयार गरिनेछ ।

### भवन

९५. भू-उपयोगलाई व्यवस्थित तुल्याउन भू-उपयोग नीति तयार गरी लागु गरिने छ । घर तथा अन्य भौतिक संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधात्मक प्रविधिको अवलम्वनमा ध्यान दिईनेछ ।

९६. बजार क्षेत्रमा बन्ने पक्की घर नक्शा पास गरि मापदण्ड अनुरुपको निर्माणमा जोड दिइने छ ।

९७. प्रत्येक वडामा स्वास्थ्य चौकीको सरकारी अवधारणा अनुरुप कार्ययोजना बनाइने छ ।

९८. संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारवाट विनियोजन गरिएको रकमवाट निर्माण हुने विकास कार्यक्रमलाई उपभोक्ता समितिवाट काम गरिदै आएको र उपभोक्ता समितिमा जनपरिचालन अत्यान्तै न्युन हुने गरेको देखिएकोले आगामी दिनमा उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत प्रतिस्पर्धात्मक तवरले गुणस्तरीय निर्माण कार्यमा जोड दिईनेछ ।

९९. गाउँपालिकाद्धारा स्वीकृत वार्षिक योजनाहरु आर्थिक वर्ष अन्तमा मात्र काम गर्ने विगतको परिपाठीलाई अन्त्य गर्दै वैशाख मसान्तभन्दा पछि कुनै पनि विकास योजनाको सम्झौता नगर्ने र जेठ मसान्त पछि कुनै पनि भुक्तानी नगरिने नीतिलाई अवलम्वन गरिनेछ ।

१००. यस गाउंपालिकाको विभिन्न स्थानमा आवश्यकीय झो.पु निर्माणका निम्ति डि पि आर तयार गर्न आवश्यक वजेट व्यवस्था गरिनेछ ।

- वडा नं.१ मिल्तीखोला झोरेनी झो.पु, सुर्के वालुवा खोला झो.पु
- वडा नं. २ को ओखनी भण्डारेखोला झो.पु, ढुईगाउ घट्टेखोला झो.पु, दोरम्वा घट्टेखोला झो.पु
- वडा नं ३ सिर्गार्चे खोला झो.पु, कण्ठेश्वर पुन्चेत चाईनाखोला झो.पु
- वडा नं. ४ ताम्चेत रातमाटे झो.पु, ताईजुङ्ग सिक्रेखोला झो.पु
- वडा नं. ५ कल्लेरी गुन्सालखोला झो.पु
- वडा नं. ६ वैरलुखेत माझीखोला झो.पु र रुपिनी लखनपुर झो.पु
- वडा नं ७ ब्रम्हा विष्णुखोला डोरखानी डोप्ला झो.पु.

## घ) वन, वातावरण तथा विपद् व्यवस्थापन नीति

१०१. वन क्षेत्र संरक्षण गर्न वृक्षारोपण, संरक्षण, संम्बर्धन र व्यवस्थापका लागि सामुदायिक र कबुलियति वन उपभोक्ता समूहहरुलाई सक्रिय वनाई कार्य संचालन गरिने छ ।

१०२. ईन्धनको वनक्षेत्रमा पर्ने चाप कम गर्न वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रमलाई जोड दिईने छ ।

१०३. गाउँपालिका भित्र नदी कटान, पहिरो नियन्त्रण गर्नका लागि आवश्यक वजेट विनियोजन गरिनेछ । भू-क्षय/बाढी पहिरो नियन्त्रणको लागि वृक्षारोपण गर्ने र जथाभावी रुख कटानको कार्यलाइ निरुत्साहित गर्नको लागि दण्ड जरीवाना गर्ने नीति लिइनेछ । सडक निर्माण गर्दा दुबैतर्फ वृक्षारोपण साथै बहुउपयोगी घास खेतीका लागि प्रोत्साहित गर्ने नीति लिईनेछ ।

१०४. वातावरणमैत्री स्थानीय शासनको स्वीकृत सूचकहरु प्राप्तिका लागि जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०५. गाउँ क्षेत्रभित्रका विद्यालय तथा क्याम्पसहरु, सरकारी तथा गैरसरकारी संस्थाहरुसंगको साझेदारीमा वातावरण संरक्षणका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०६. घरवाट नै फोहोरलाई व्यवस्थापन गर्नका लागि टोल टोलमा फोहोर फाल्ने ड्रमको व्यवस्था गरिनेछ । साथै सरसफाई अभियान संचालनका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

१०७. उच्च पहाडी भेगमा पाइने बहुमूल्य जडीबुटीहरुलाई संरक्षण गर्ने नीति लिइनेछ । १ वडा १ नर्सरी निर्माण गरि कृषि उपज एवं हरियाली प्रवर्द्धनमा जोड दिईनेछ ।

१०८. सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालय निर्माण गर्ने नीति लिइनेछ ।

१०९. सार्वजनिक सरकारी सम्पत्ति, धारो, घाटो, पाटी पौवा , कुवाहरुको उचित संक्षरण गर्ने नीति लिइनेछ ।

११०. गाउपालिकास्तरीय विपद व्यवस्थापन समिति र वडा स्तरीय विपद व्यवस्थापन समितिको क्षमता विकास गरिनेछ ।

## ङ) संस्थागत विकास तथा सेवा प्रवाह नीति

१११. गाउपालिकाको वेवसाईटलाई प्रभावकारी ढंगले सञ्चालन गरी सम्पूर्ण सूचनाहरु वेवसाईट मार्फत सार्वजनिक गरिनेछ ।

११२. गाउपालिकाका गतिविधीहरु पारदर्शी तुल्याउन तथा स्थानीय नागरिकहरुलाई सहज तवरले जानकारी पुऱ्याउन सवै खालको सञ्चार माध्यमसंग समन्वय गरिनेछ ।

११३. गाउपालिकामा सञ्चालित आयोजनाहरुको गुणस्तर अभिवृद्दि गरी वित्तीय जोखिमलाई न्यूनिकरण गर्न अनुगमन समिति गठन गरी उक्त समितीलाइ सक्रिय तुल्याईने छ ।

११४. गाउँपालिका भित्र संचालनमा रहेका व्यवसायीहरुलाई आफ्नो व्यवसायप्रति उत्तरदायि वनाउन व्यवसाय करको दायरामा ल्याईनेछ ।

११५. सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमहरुको नियमित अनुगमन प्रगति समीक्षा, समन्वय बैठक, सार्वजानिक सुनुवाई, सामाजिक परीक्षण आदि कार्यक्रमहरुलाई बढावा दिइनेछ ।

११६. गाउंपालिकावाट वितरण हुदै आएको सामाजिक सुरक्षा भत्ता वैकिङ प्रणालीद्धारा वितरण गरिनेछ ।

११७. गाउँपालिकाले देश भित्रको कम्तिमा एक नगरपालिका/गाउपालिकासंग भगिनी सम्बन्ध विस्तार गरी आपसी सहयोग बढाउने नीति अवलम्बन गरिनेछ ।

११८. गाउँपालिका र वडा कार्यालयको संस्थागत सुदृढिकरणका कार्यहरु थालनी गरिने छ । कार्यालयलाई सेवाग्राही मैत्री वनाउन सुशासनका सुचककहरुलाई नागरिक वडापत्र, सुभाव पेटिका, सूचना अधिकारी तोक्ने जस्ता कार्यहरुलाई लागु गरिनेछ ।

११९. दोरम्बा गाउँ कार्यपालिकाको कार्यालयवाट आम नागरिकलाई सरल र सहज रुपमा सेवा प्रवाह गर्नका लागि नागरिक सहायता कक्षको स्थापना गरिने छ । साथै गाउँपालिका र वडा कार्यालयहरुमा अनिवार्य रुपमा नागरिक वडापत्र सवैले देख्न पढ्न सक्ने गरि कार्यालय परिसरमा राखिनेछ ।

१२०. यस गाउँपालिकाको धार्मिक तथा पर्यटकीय महत्वको क्षेत्र शैलुङको राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वलाई हृदयंगम गरि यस गाउंपालिकाको नामाकरणलाई दोरम्वा शैलुङ नामाकरणका लागि आवश्यक पहल गरी नया पहिचान कायम गरिनेछ ।

१२१. कर्मचारी एवं पदाधिकारीको क्षमता विकासका लागि आवश्यक समय सापेक्षित वनाउन तालिम, अध्ययन् तथा अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ साथै कर्मचारीको मनोबल उच्च वनाई राख्न आवश्क सुविधा उपलव्ध गराईनेछ र उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारी, उपभोक्ता समिति, उत्कृष्ठ करदाता, उत्कृष्ठ विद्यालय र विद्यार्थीलाई वार्षिक वजेट, नीति तथा कार्यक्रम सार्वजनिक समारोहमा पुरस्कृत गरिनेछ ।

१२२. दलित एवं सिमान्तकृत वर्गको क्षमता विकासका लागि क्षमता विकास तथा सिपमुलक तालिम प्रदान गरिनेछ ।

१२३. कृषिमा युवा शक्तिलाई आर्कषण गर्ने अभिप्राय स्वरुप प्रत्येक वडावाट ५/५ जनाका दरले ३५ जना युवा युवतीलाई ४० दिने कृषि तथा पशुसेवा सम्वन्धी तालिम प्रदान गरिनेछ ।

१२४. सवै वडा कार्यालयमा ईन्टरनेट सुविधा र गाउंपालिका कार्यालयमा जिन्सी सफ्टवेयर लागु गरि जिन्सी व्यवस्थापन प्रभावकारी वनाईनेछ ।

१२५. प्रसुति गृह संचालनमा रहेका स्वास्थ्य चौकीमा कार्यरत अनमी कर्मचारीलाई एस वि ए तालिम प्रदान गरिनेछ ।

१२६. गाउपालिकालाई वालमैत्री गाउपालिका घोषणा गर्ने नीति अनुरुप वालमैत्री सहजकर्ताहरुलाई अभिमुखीकरण तथा क्षमता विकास गरिनेछ ।

१२७. महिला दिदिवहिनीहरुले परम्परागत पेशा अपनाइ रहंदा पर्न गएको सामाजिक समस्यालाई मध्यनजर गरि जिविकोपार्जन प्रणालीलाई प्रतिस्थापन गरि व्यवसायिक तवरले पेशा संचालन गर्न महिला सहकारी संस्थालाई क्षमता विकास तालिम, नेतृत्व विकास, सिलाई वुनाई तथा मुढा निर्माणका लागि तालिम संचालन गरिनेछ ।

१२८. आमा दाजुभाई दिदि वहिनीहरुद्धारा उत्पादित उपजहरु विक्रि वितरणका लागि दोरम्वा र गुंरासेमा हाटवजार संचालन गरिनेछ ।

१२९. न्यायिक समितिवाट सम्पादन गरिने न्यायिक निरोपण कार्यलाई सहज वनाईनेछ साथै वडामा क्रियाशिल मेलमिलाप केन्द्रलाई थप व्यवस्थित वनाईनेछ ।

१३०. सार्वजनिक जग्गाको लगत कटटा गरि आफ्नो जग्गामाथिको भु स्वामित्वलाई व्यवस्थित गर्न नापी टोली खटाउने कार्यका लागि आवश्यक वजेट व्यवस्था गरिनेछ सो का लागि जिल्ला नापी कार्यालय तथा अन्य सरोकारवाला निकायहरुसंग सहकार्य गरिनेछ ।

१३१. नक्सा पास नगरी घर तथा भवन निर्माण गर्ने कार्य दिन प्रतिदिन वढ्दै गईरहेकोले त्यस्ता कार्यलाई नियन्त्रण गर्नका लागि नक्सा पास नगरी घर वनाउने व्यक्तिलाई कानुन वमोजिम कारवाहीको प्रक्रिया अघि वढाईनेछ । साथै गाउपालिकावाट दिईने सेवा सुविधामा रोक लगाईनेछ ।

१३२. उपभोक्ता समितिद्धारा गरिने कामलाई थप व्यवस्थित वनाउन उपभोक्ता समितिका पदाधिकारीलाई क्षमता विकास तालिम प्रदान गरिनेछ ।

## च) वित्तिय व्यवस्थापन तथा सुशासन नीति

१३३. आर्थिक वर्ष २०७४/०७५ को महालेखा परिक्षकको कार्यालयवाट देखिएका वेरुजुको तत् तत् व्यक्ति र निकायसंग पत्राचार गरि रकम असुलको प्रक्रिया अघि वढाईनेछ । साथै तत्कालिन गाँउ विकास समितिवाट पेश्की रकम लिइ हालसम्म फस्यौट नभएको, म्याद नाघेको पेश्की फछ्र्यौट कार्यमा प्रभावकारी पहल गरि पेश्की सून्य गरिनेछ साथै पेश्की फछ्र्यौट गर्न अटेर गर्ने व्यक्ति फर्म संघ संस्थाको नामावली कार्यालयको मुलद्धारमा फेलेक्स व्यानर वनाई सार्वजनिक गरिनेछ ।

१३४. गाउपालिकाद्धारा स्वीकृत वार्षिक योजनाहरु संचालनका क्रममा पेश्की दिने प्रचलनलाई पुर्ण रुपमा वन्द गरिनेछ । त्यस्ता योजनाहरुलाई कार्य सम्पन्न भएपछि मात्र भुक्तानी दिईनेछ ।

१३५. हरेक महत्वपूर्ण सन्देश र सूचनाहरु गाउँ कार्यालयको वेवसाईट, फेसबुक पेज र स्थानीय एफ.एम.रेडियो मार्फत सवै गतिविधिहरु नागरिकहरुको जानकारीमा ल्याउने प्रयास गरिनेछ । यस गाउँपालिकाका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सवै नागरिकको नाम गाउपालिकाको Website मार्फत सार्वजनिक गरिने छ ।

१३६. लेखा व्यवस्थापन, जिन्सी व्यवस्थापनका लागि Accounting Software को प्रयोग गरी वित्तिय अनुशासनलाई प्रभावकारीता कायम गरिने छ ।

१३७. गाउँपालिकाको वित्तिय जोखिम न्युनिकरणका लागि प्रत्येक योजनाको स्थलगत अनुगमन पश्चात मात्र रकम भुक्तानीको व्यवस्था मिलाईनेछ । सो का लागि एक अनुगमन समिति गठन गरिनेछ ।

**अन्त्यमा**

दोरम्बा गाउपालिकाको बार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा अमुल्य सुझाव दिनुहुने राजश्व परामर्श समिति, स्रोत अनुमान तथा सिमा निर्धारण समिति, विभिन्न बिषयगत समितिका पदाधिकारीज्यूहरु, सर्वपक्षीय भेलामा सुझाव दिनुहुन सवै महानुभावहरु, कार्यालय प्रमुख एवं सम्पुर्ण कर्मचारी मित्रहरु, राजनीतिक दलका पदाधिकारीज्यूहरु संघ संस्थाका कर्मचारी, उद्योगी, समाजसेवी लगायत सवैमा धन्यवाद ज्ञापन गर्न चाहान्छु साथै यस नीति तथा कार्यक्रम कार्यान्वयनमा सवै जनप्रतिनिधि, कर्मचारीवर्ग, उद्योगी व्यवसायी, राजनीतिक दलहरु, बुद्धिजिवी लगायत सवैको सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद

मितिः २०७६/०३/०९

कमानसिं तामाङ (मोत्त

अध्यक्ष